गण्डकी प्रदेश सरकार

# सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

पोखरा, नेपाल

पत्र संख्या : ०८१/०८२

चलानी नं.:

प्रथम पटक प्रकाशित मिति: २०८१/११/२२

विषयः सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयवाट चालु आ.ब. २०८१।०८२ मा तपसिल वमोजिम स्वीकृत वार्षिक विकास कार्यक्रम कार्यान्वयनका सम्बन्धमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र मातहतका कार्यालयहरुवाट सञ्चालन हुने शिक्षा, भाषा, संस्कृति र पुरातत्व संरक्षण सम्बन्धी स्वीकृत कार्यक्रम तथा वजेट कार्यान्वयन मापदण्ड, २०८१ बमोजिम मापदण्डमा उल्लेखित आवश्यक कागजातहरु सहित मिति २०८१।१२।१३ गते भित्र यस मन्त्रालयमा प्रस्ताव सहितको फाइल पेश गर्न सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. स. | कार्यक्रम | प्रस्तव पेश गर्न पाउने संस्था |
|---|---|---|
| १ | स्मृति पार्क निर्माण तथा स्तरोन्नति अनुदान | प्रचलित कानून वमोजिम साहित्य, कला, संस्कृति, भाषा, विज्ञान र प्रविधि, राजनीति जस्ता विविध क्षेत्रमा उल्लेखनीय कार्य गरी देश र समाजका लागि उदाहरणीय योगदान पुऱ्याउने व्यक्तिहरुको सम्झना र सम्मानमा स्थापना एवम् सञ्चालन भएका स्मृति पार्कहरु |

यस सम्बन्धी थप जानकारी, प्रस्तावनाको ढाँचा र प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरु तथा मुल्याङ्कनका आधारहरु सामजिक विकास,युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश पोखराको वेभसाइट mosd.gandaki.gov.np मा राखिएको "सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र माताहतका कार्यालयहरुवाट सञ्चालन हुने शिक्षा भाषा संस्कृति र पुरातत्व संरक्षण सम्वन्धी स्वीकृत कार्यक्रम तथा वजेट कार्यान्वयन मापदण्ड,२०८१" वाट प्राप्त गर्न सकिनेछ। मापदण्डमा तोकिए वमोजिम कागजात पूरा नभएका फाइलहरु प्रस्ताव मूल्याङ्कन प्रक्रियामा समावेस गरिने छैन्। मापदण्डमा तोकिएका कागजातका अतिरिक्त निम्न कागजातहरु पेश गर्नु पर्नेछ।

**कार्यक्रमको नामः** स्मृति पार्क निर्माण तथा स्तरोन्नति अनुदान

**प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरु**

१. लागत अनुमान सहितको अनुसुची १२ वमोजिमको ढाँचामा प्रस्तावना
२. स्मृति पार्कको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी
३. स्थानीय तह वा अन्य संघ, संस्थाबाट हुन सक्ने साझेदारी प्रतिसत
३. संस्था दर्ता र नवीकरणका प्रमाणित प्रतिलिपि
४. सम्बन्धित स्थानीय तहको सिफारिस
५. कार्यक्रमबाट लाभान्वित हुने जनसंख्या
६. स्मृति पार्क स्थापना र स्तरोन्नति सम्बन्धी कार्यक्रमका लागि जनप्रतिनिधि सहितको आम भेलाको निर्णय ।
७. स्थानीय तह र अन्य संघ संस्थाबाट यस आ.व. मा सहयोग भए, नभएको विवरण (सहयोग भएमा सो को विवरण)

उप सचिव

phone no. 061-467914 E-mail- mosdgedu@gmail.com

अनुसूची- १२

स्मृति पार्क निर्माण तथा स्तरोन्नति अनुदान
लागि पेश गर्ने निवेदनको ढाँचा

मिति :-...............

श्रीमान् सचिवज्यू,
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
गण्डकी प्रदेश, पोखरा ।

**विषय : स्मृति पार्क निर्माण /स्तरोन्नति सम्वन्धमा ।**

प्रस्तुत विषयमा ताहाँ मन्त्रालयबाट मिति २०८१/......./..... मा प्रकाशित सूचना अनुसार स्मृति पार्क निर्माण तथा स्तरोन्नति अनुदान लागि तपसिलका विवरण एवं कागजात सहित यो प्रस्ताव पेश गरेका छौं । उक्त कार्यक्रम सञ्चालन गर्ने व्यवस्थाका लागि अनुरोध छ ।

तपसिलः

(क) माग गर्ने समिति, संघसंस्था,निकायको नाम :

(ख) ठेगानाः

(ग) कार्यक्रमको नाम : **स्मृति पार्क निर्माण तथा स्तरोन्नति अनुदान**

(घ) कार्यक्रमको आवश्यकता तथा उद्देश्यः

(ङ) पार्क स्थापना गर्नु पर्नाको पर्ने कारणः

(च) उपलव्ध हुन सक्ने जग्गाः ............. रोपनी/विघा

(छ) स्थानीय तह वा सम्वद्ध निकायवाट हुन सक्ने योगदानः

(ज) स्थापना हुने जग्गामा यातायातको पहुँच (पक्की सडकको पहुँच/कच्ची सडकको पहुँच):

(झ) जग्गाको अवस्था : भिरालो/समथर

(ञ) कार्यक्रमका लागि स्थानीय तहको सिफारिसः

(ट) कार्यक्रम सञ्चालन गर्न अनुमानित लागत (प्रमाणित लागत अनुमान सहित):

(ठ) कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः

(ड) कार्यक्रमबाट लाभान्वित सम्भाव्य जनसंख्याः

(ढ) कार्यक्रमवाट प्राप्त हुने अपेक्षित प्रतिफलः

(ण) स्मृति पार्कको जग्गाको प्रमाणपुर्जा :

(त) संस्था दर्ता प्रमाणपत्र, नवीकरण र विधान :

(थ) लागत साझेदारी हुने भए लागत अनुमानको साझेदारी विवरणः

पेश गर्नेको
नाम थरः
पदः
सम्पर्क नं.:
संस्थाको छाप :